संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २४ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम वैठकको आकस्मिक समयमा रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिका-३, रन्मा भन्ने गाउँमा दुई बालिका मृत फेला परेको, सरकारको न्यूनतम साझा कार्यक्रममा समेटिएको केही विषयहरु छुटेको सम्बन्धमा, संसदको वैठकहरुमा उठेको विषयमा सम्बन्धित मन्त्रीले जवाफ दिने परिस्थिति बनोस् र स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन तुरुन्त हुनुपर्ने लगायतका समसामयिक विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री कुसुम देवी थापा
२. मा० श्री विरबहादुर वलायर
३. मा० श्री मनिष झा
४. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
५. मा० श्री महेश कुमार वर्तौला

यसैबिच मा० श्री विरबहादुर वलायरले बोलिरहनु भएको समयमा सम्माननिय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएको भन्दा वाहिरको विषय बोल्नु भएको भनी ध्यानाकर्षण गराउँदै आफ्नो भनाई रोक्न रुलिङ गर्नु भयो ।

त्यसपछि शुन्य समयमा निम्नलिखित मा० सदस्यहरुले आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री शान्ती वि.क.
६. मा० श्री शान्ती श्रेष्ठ
७. मा० श्री शिव नेपाली
८. मा० श्री शिशिर खनाल
९. मा० श्री शेर बहादुर कुँवर
१०. मा० श्री शोभा ज्ञावली
११. मा० श्री शंकर भण्डारी
१२. मा० श्री सरस्वती वजिमय
१३. मा० श्री सरिता भुसाल
१४. मा० श्री सान्ती चौधरी
१५. मा० श्री सीता मिजार
१६. मा० श्री सुनिता बराल
१७. मा० श्री सुमना श्रेष्ठ
१८. मा० श्री सुशिला थिङ
१९. मा० श्री सुशिला श्रेष्ठ
२०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२१. मा० श्री सोबिता गौतम
२२. मा० श्री संजय कुमार गौतम
२३. मा० श्री हर्क माया विश्वकर्मा
२४. मा० श्री हित बहादुर तामाङ
२५. मा० श्री हितराज पाण्डे
२६. मा० श्री ज्ञान बहादुर शाही
२७. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२८. मा० श्री हरि ढकाल
२९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले सार्वजनिक महत्वको विषयमा आफ्नो वक्तव्य दिनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ को उपनियम (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले स्पष्टिकरण माग गर्नु भयो:-

१. मा० श्री रघुजी पन्त
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री रामहरि खतिवडा
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री सुमना श्रेष्ठ
६. मा० श्री मनिष झा
७. मा० श्री संजय कुमार गौतम
८. मा० श्री सोबिता गौतम

त्यसपछि, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठको प्रश्नहरुको सम्बन्धमा स्ष्ट पार्नु भयो ।

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री मानबीर राई
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री विरेन्द्र प्रसाद महतो
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रतिमा गौतम
१२. मा० श्री प्रतिक्षा तिवारी
१३. मा० श्री नारायण प्रसाद आचार्य
१४. मा० श्री नैनकला थापा

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९" सदन समक्ष पेश गर्नु भयो ।

तत्पश्चात माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो ।

त्यसपछि राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री हितराज पाण्डे
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री राम प्रकाश चौधरी
५. मा० श्री रामकृष्ण यादव
६. मा० श्री महेश कुमार वर्तौला
७. मा० श्री नागिना यादव
८. मा० श्री प्रेम बहादुर महर्जन
९. मा० श्री संजय कुमार गौतम
१०. मा० श्री रुपा सो.सी. चौधरी
११. मा० श्री विराज भक्त श्रेष्ठ
१२. मा० श्री सोबिता गौतम

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा)मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउँनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २७ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव